FNCCI
नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry

पत्र संख्या: एजिएम १ - ४४/६७ (

२०६७/१/२८

श्री सदस्य महानुभावहरु,
नेउवामहासंघ ।

**बिषय: चवालीसौं वार्षिक साधारण सभाको सूचना ।**

महोदय,

यस महासंघको विधान (पाँचौं संशोधन) अनुसार महासंघको वार्षिक साधारण सभा चैत्र मसान्त भित्र गरी सक्नु पर्ने प्रावधान भएतापनि कार्यकारिणी समितिको ११ औं बैठकले विधानको दफा २४.१ प्रयोग गरी साधारण सभा २०६७ साल जेष्ठ मसान्त भित्र गर्ने निर्णय गरेकोमा वाह्रौं कार्यकारिणी समितिको बैठकले ४४ औं वार्षिक साधारण सभा २०६७ साल जेष्ठ २८ र २९ गते (तदनुसार ११–१२ जुन २०१०) काठमाडौंमा आयोजना गर्ने निर्णय अनुसार कार्यक्रम तर्जुमा भएको जानकारी गराउन पाउंदा हर्ष लागेको छ ।

महासंघको ४४ औं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त कार्यक्रम र अन्य व्यवस्था निम्न अनुसार छ ।

१. **उद्घाटन एवं कार्यक्रम हुने स्थान:**

वार्षिक साधारण सभाको समुद्घाटन २०६७ साल जेष्ठ २८ गते शुक्रवार (तदनुसार ११ जुन २०१०) विहान १०:०० बजेदेखि रजिष्ट्रेशन शुरु हुने गरी आर्मी अफिसर्स क्लव, टुंडिखेलमा गर्ने गरी कार्यक्रम तर्जूमा गरिएको छ ।

२. **मुख्य कार्यक्रम:**

(१) प्रमुख अतिथिबाट चवालीसौं वार्षिक साधारण सभाको समुद्घाटन र सम्बोधन ।

(२) अध्यक्षको सम्बोधन र सम्बोधन माथि छलफल तथा अनुमोदन ।

(३) महानिर्देशकद्वारा प्रस्तुत "वार्षिक प्रतिवेदन २०६६/०६७" माथि छलफल र अनुमोदन ।

(४) आ.व. २०६५/६६ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात र आय व्यय विवरण माथि छलफल र अनुमोदन ।

(५) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक ।

(६) कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरु उपर छलफल र तिनको अन्तिम रुप ।

(७) मुख्य प्रतिनिधिहरुद्वारा मन्तव्य ।

– सभाको अरु थप विस्तृत कार्यक्रम सभा पूर्व उपलव्ध गराइने ।

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

http://www.fncci.org

STOP Child Labour

३. **प्रतिनिधित्वः**

३.(१) वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधि मण्डलको नियुक्तिको लागि भर्न पर्ने प्रतिनिधि पत्र १ (एक) यसै साथ संलग्न छ। उक्त प्रतिनिधि पत्र महासंघको सचिवालयमा साधारण सभा शुरु हुनु अगावै आई पुग्नु पर्ने छ।

३.(२) साधारण सभामा भाग लिन प्रत्येक जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघबाट मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म, बस्तुगत संघबाट मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म र द्विराष्ट्रिय उवासंघ एवं एशोसिएट सदस्यबाट १/१ (एक/एक) जना प्रतिनिधि पठाउन सकिने छ।

३(३) कार्यक्रम संचालन गर्ने स्थान (Space) को अभावको कारण सदस्य संघ/संस्थाहरुबाट पर्यवेक्षकको संख्या सीमित गर्नु अनुरोध छ।

४. **वार्षिक सदस्यता शुल्क एवं प्रतिनिधि शुल्कः**

४.(१) चवालीसौं वार्षिक साधारण सभा शुरु हुनु अगावै आ.व. २०६६/६७ को महासंघको वार्षिक सदस्यता शुल्क तिरी सकेका सदस्य संघ/संस्थाहरुको मुख्य प्रतिनिधि तथा प्रतिनिधिहरुले मात्र उक्त सभामा भाग लिन सकिने छ।

४.(२) महासंघका भू.पू. अध्यक्ष एवं सल्लाहकार समिति सदस्य वाहेक वार्षिक साधारण सभामा भाग लिन जनही रु. १०००। (एक हजार रुपैयां) प्रतिनिधि शुल्क लाग्ने छ। यो पर्यवेक्षकका लागि पनि लागू हुने छ।

५. **प्रस्तावः**

वार्षिक साधारण सभाको विचारार्थ पेश हुने प्रस्तावहरु भएमा महासंघको सचिवालयमा **२०६६ साल जेष्ठ १५ गते कार्यालय समय** भित्र आई पुग्ने गरी पठाउनु पर्ने छ।

**संलग्नः**

१. वार्षिक प्रतिवेदन (आ.व. २०६५/६६ को वासलात र लेखा परीक्षकको प्रतिवेदन सहित)।
२. प्रतिनिधि पत्र थान १ (एक)।

भवदीय,

( हेमन्त दवाडी )
महानिर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यू, नेउवामहासंघ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ।
श्री का.स. सदस्यज्यूहरु, नेउवामहासंघ।

# प्रतिनिधि - पत्र

(नेउवामहासंघको विधान अनुसार)

श्री महानिर्देशक, २०६७/ / /
नेपाल उद्योग वाणिज्य महासंघ,
टेकू, पोष्ट बक्स नं. २६९, काठमाडौं ।

महाशय,

नेपाल उद्योग वाणिज्य महासंघको सदस्यको हैसियतले २०६७ साल जेष्ठ २८ गते देखि २९ गतेसम्म काठमाडौंमा आयोजना हुने महासंघको चवालीसौं (४४ औं) वार्षिक साधारण सभामा यस संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गरी भाग लिन निम्न लिखित प्रतिनिधि नियुक्ति गरी पठाईएको छ । प्रतिनिधि शुल्क बापत रु. ................ को चेक/ड्राफ्ट/नगद पनि यसै साथ संलग्न गरेको छु ।

## प्रतिनिधिहरु

(१) संघ/संस्थाको नाम .......................................................

| | | | | |
|---|---|---|---|---|
| (२) | **मुख्य प्रतिनिधि** | (१) | **अतिरिक्त प्रतिनिधि** | **दस्तखत** |
| (३) | नाम : | १ | नाम : | .................. |
| (४) | दर्जा : | २. | दर्जा : | |

(५) दस्तखत नमूना ................

(मुख्य प्रतिनिधिको)

संस्थाको छाप

नियुक्ति गर्ने संघ/संस्थाको तर्फबाट

पदाधिकारीको दस्तखत :

दस्तखत गर्नेको पूरा नाम :

पद :

मिति :

भवदीय,

---

**<u>द्रष्टव्यः</u>**

१. साधारण सदस्यको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि भई नआउने भएमा महासंघको विधानको दफा २९.३ अनुसार सम्बन्धित सदस्य संघको कार्यकारिणी समिति/कार्य समितिबाट मुख्य प्रतिनिधि नियुक्तिको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरु र बस्तुगत संघहरुको हकमा मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म प्रतिनिधि मण्डलमा समावेश गर्न सकिने छ ।

२. एशोसिएट र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सदस्यको हकमा प्रतिनिधिमण्डलको संख्या १ (एक) जना मात्र हुने छ । एशोसिएट सदस्यहरुको हकमा अधिकार प्राप्त व्यक्ति आफैं वा सोही संस्थाको घटिमा नायव महाप्रबन्धक तहको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधि नियुक्त गरी संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिको दस्तखत हुनु पर्नेछ ।

३. प्रतिनिधि शुल्कको हकमा जनही रु. १०००। (एक हजार रुपैयां) लाग्ने छ ।